# बिर्तामोड नगरपालिका
## शिक्षा, युवा तथा खेलकुद शाखा
### नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड,झापा
१ नं. प्रदेश, नेपाल

प.सं. ०७९।०८०
च.नं. २२९

मिति :– २०७९/१०/०९

**विषय :–राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा ।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
विर्तामोड नगरपालिका, झापा ।

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिकाको आयोजनामा विर्तामोड नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता मिति २०७९ साल माघ २७ र २८ गते सञ्चालन हुने भएकोले तपसील अनुसार गर्न गराउन हुन अनुरोध छ ।

**तपसील**

| क.स | खेल सञ्चालन हुने विधाहरु | खेल सञ्चालन हुने स्थान | मिति | समय | कै |
|---|---|---|---|---|---|
| १. | एथलेटिक्स : छात्र/छात्रा | सेन्ट जेभियर्स स्कुल देउनियाँ, बि.न.पा. ८ | २०७९ माघ २७ र २८ गते | विहान ८ बजेदेखि | |
| २ | कबडी : छात्र/ छात्रा | अनारमनी पब्लिक क्याम्पस, विर्तामोड- ३ | २०७९ माघ २७ र २८ गते | विहान ८ बजेदेखि | |
| ३ | भलिबल : छात्र | महेन्द्र रत्न मा.वि. बिर्तामोड- ३ | २०७९ माघ २७ र २८ गते | विहान ८ बजेदेखि | |
| ४ | भलिबल : छात्रा | गोमेन्द्र बिर्तामोडल स्कुल विर्तामोड-४ | २०७९ माघ २७ र २८ गते | विहान ८ बजेदेखि | |
| ५ | कराते प्रतियोगिता | महेन्द्र रत्न मा.वि. विर्तामोड- ३ | २०७९ माघ २८ गते | विहान ७ बजेदेखि | |
| ६ | तेक्वान्दो, उस्सु | तेक्वान्दो, उस्सु खेलको हकमा विद्यालयमा खेलाडी भएमा सोझै जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुन पठाउन सकिने छ । | | | |

१. विद्यालयले खेलाडी छनौट गर्दा चालु शैक्षिक सत्रमा १८ वर्षसम्मका माध्यमिक विद्यालय कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थीहरु सहभागी हुन पाउनेछन् । २०७९ चैत्र मसान्तसम्ममा १८ वर्ष पुरा नभएको साथै जन्ममिति २०६१ चैत्र मसान्तसम्मको प्रमाणित कागजात हुनुपर्ने छ ।

२. विद्यालयले सहभागी विद्यार्थीहरु पठाउदा विद्यालयको पत्र सहित जन्ममिति खुलेको कक्षा ८ को ग्रेडसिट/माक्ससीट, एसएलसी वा एसईईको माक्ससीट वा सर्टिफिकेट वा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित खेलाडी दर्ता फाराममा फोटो सहित प्रधानाध्यापकले प्रमाणित गरी पेश गर्नु पर्नेछ । झुटा विवरण पेश गरी सहभागी गराएको पाइएमा विद्यालय स्वयं जवाफदेही हुनु पर्नेछ साथै अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी भइसकेका खेलाडीहरु यस प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

३. राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता अन्तर्गतका प्रत्येक विधाका उत्कृष्ट खेलाडीहरुलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रममा सहभागी हुन पठाइनेछ ।

४. राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता अन्तर्गत एक विधामा एक खेलाडीले मात्र खेल खेल्न पाउने हुदाँ सो अनुसार विवरण पठाउनु पर्नेछ ।

५. सबै विद्यालयहरुले उपर्युक्त बमोजिमको विधागत रुपमा सहभागी हुने विद्यार्थीहरुको जन्ममिति अभिलेख सहितको संलग्न फारम अनुसारको विवरण मिति २०७९ माघ २४ र २५ गते अनिवार्य महेन्द्र रत्न मावि विर्ताबजार भित्र रहेको स्रोतकेन्द्र भवनमा कार्यालय समयभित्र बुझाइ दर्ता गर्नु पर्नेछ । थप जानकारीका लागि शिक्षा अधिकृत श्री केशरबहादुर खवास फोन नं. ९८५२६७३४२३ मा, खेल प्रशिक्षक दुर्गाराज निरौला फोन नं. ९८४९५४२११६ मा सम्पर्क गर्नुहुन तथा विर्तामोड नगरपालिकाको वेभसाइट Birtamodmun.gov.np मा हेर्न सकिने छ ।

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा बिर्तामोड, नगरपालिका- वेभसाइटमा अपलोड गरिदिनु हुन ।

२०७९/१०/१०
तिलचन भण्डारी
उपसचिव

CamScanner